# गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाण्डौं

फोन नं. ०१-४९१४११४
०१-४९१४११५
फ्याक्स नं. ०१-४९१४११६
३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या ०७४/७५
चलानी नं. १६०१

मितिः २०७५/०१/३१

सूचना ! सूचना !! सूचना !!!

एकीकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्तिधनीहरुका लागि अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा, यस गोकर्णेश्वर नगरपालिकाले हालसम्म मालपोत अशुली र घरजग्गा कर अशुल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम आर्थिक वर्ष २०७५/०७६ देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकोले नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरुलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउनु हुन यो सूचना जारी गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयबाट यही मिति २०७५।०२।०२ गतेदेखि वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण मिति २०७५ आषाढ ५ गते भित्र सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफैं वा निजको सगोल परिवारका व्यक्ति वा निजको मन्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन । नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने सम्पत्तिधनीहरुले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (जग्गा र सोमा बनेको घर संरचना) को विवरण पेश गर्नुहुन अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. ०७४/०७५ सम्मको मालपोत र घरजग्गा कर चुक्त गर्नु पर्नेछ । एकीकृ सम्पत्ति कर तिरेपछि सो घर/जग्गामा मालपोत तथा घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

भिम वहादुर शाही
शाखा अधिकृत